# माईजोगमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## नयाँबजार, ईलाम।

१ नं. प्रदेश नेपाल।

पत्र संख्याः२०७४/०७५
च.नं.- ३८४

मितिः२०७४/११/०३

---

एकीकृत वस्तुगत विवरण सर्वेक्षण तथा पञ्चवर्षिय योजना तर्जुमा सम्बन्धी
सिलबन्दी दरभाउ पत्र आह्वान
प्रथम पटक प्रकाशित मिति २०७४/११/०३

आर्थिक वर्ष २०७४।७५ को वार्षिक कार्यक्रम अन्तर्गत माईजोगमाई गाऊँपालिकाको एकीकृत वस्तुगत विवरण सर्वेक्षण तथा पञ्चवर्षीय योजना निर्माण गर्नु पर्ने भएकोले सो परामर्श सेवाका लागि नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएका सेवा प्रदायक संस्था/फर्म/कम्पनीबाट निम्न सर्तहरूको अधिनमा रही रीतपूर्वक सिलबन्दी दरभाउ पत्र दाखिला गर्न आव्हान गरिन्छ।

शर्तहरू

१. ईच्छुक सेवा प्रदायक संस्था/फर्म/कम्पनीकोनेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भई नवीकरण गरिएको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, कर छुट प्रमाणपत्र (लागु हुने हदसम्म) र पछिल्लो तीन वर्षको लेखा परिक्षण प्रतिवेदन सिलबन्दी दरभाउ पत्रसँग संलग्न हुनुपर्ने छ।

२. सेवा प्रदायक परामर्शदातासंस्था/फर्म/कम्पनीले कार्यक्षेत्रगत शर्तहरूमा उल्लेख गरिए अनुसारको प्राविधिक र आर्थिक प्रस्तावहरू तयार गरी ( विनियोजित बजेट रु. १९,००,०००/- ननाग्ने गरी) छुट्टा छुट्टै खाममा सिलबन्दी गरी दुवै प्रस्तावलाई एउटै खाममा राखी सिलबन्दी गरी पेश गर्नुपर्नेछ।

३. ईच्छुक सेवा प्रदायक संस्था/फर्म/कम्पनीले कार्यक्षेत्रगत शर्तहरू प्राप्त गर्न गाऊँपालिकाको ईमेल <maijogmaigaupalika@gmail.com> मार्फत अनुरोध पठाउनु पर्ने छ र सोही ईमेलमा कार्यक्षेत्रगत शर्तहरू पठाइनेछ।

४. नियमानुसार दर्ता भएका सिलबन्दी दरभाउ पत्र परामर्शदाताको प्रतिनिधिहरूको रोहबरमा वा उपस्थित नभए पनि खोलिने छ। दरभाउ पत्र (प्रस्ताव) लाई गुणस्तर विधिको आधारमा मुल्याङ्कन गरिनेछ।

५. सार्वजनिक खरिद ऐन र नियमावली अनुसार एक मुल्याङ्कन समिति गठन गरी मुल्याङ्कन समितिको मुल्याङ्कनका आधारमा सर्वोत्कृष्ट संस्था/फर्म/कम्पनीलाई रीतपुर्वक छनौट गरिने छ।

६. म्यादभित्र दर्ता नभएको, रीत नपुगेको वा संलग्न कागजातहरू नपुगेको र सिलबन्दी नभएको दरभाउ पत्रलाई मान्यता दिईने छैन।

७. सिलबन्दी दरभाउ पत्र सम्बन्धी सम्पुर्ण अधिकार गाऊँपालिका कार्यालयलाई हुनेछ।

८. यस बाहेक अन्य केही गर्नुपरेमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६५ (पाँचौ संशोधन २०७३) ले व्यवस्था गरे अनुसार हुनेछ।

यो सूचना प्रकाशित भएको १५ दिन भित्रमा सिलबन्दी दरभाउ पत्र बुझाई सक्नु पर्ने छ र सो दिन सार्वजनिक विदा परेमा भोलिपल्टको कार्यालय समयसम्म म्याद रहनेछ। सोह्रौं दिनको १२ बजे सिलबन्दी दरभाउ पत्र खोलिने छ।

यो सुचना यस गाउँपालिकाको वेवसाईट www.maijogmaimun.gov.np मा पनि हेर्न सकिने छ। थप अन्य जानकारीको लागि कार्यालय समयभित्र माईजोगमाई गाऊँपालिकाको कार्यालयमा आएर बुझ्न सक्नु हुनेछ । वा टेलिफोन सम्पर्क गरी बुझ्न सक्नु हुनेछ। सम्पर्क नम्बर ०२७-४११०५८, ९८४९७४२०५२

०७४।११।३

प्रमुख प्रशासकिय अधिकृत
माईजोगमाई गाऊँपालिका कार्यालय
नयाँबजार, इलाम।

---